आज मिति २०७५ साल कार्तिक २७ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको कार्यालयका नगर प्रमुख श्री नारायण वन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैंठकमा तपशिल बमोजिमका पदाधिकारी ज्यूहरुको उपस्थिति रह्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री नारायण वन, रत्ननगर न.पा. नगर प्रमुख | द |
| २. | सदस्य श्री विमला देवी दुवाडी, रत्ननगर न.पा. उप–प्रमुख | द |
| ३. | सदस्य श्री शंकर सिं तमाङ्ग, वडा अध्यक्ष, वडा नं. १ | द |
| ४. | सदस्य श्री तिलक राज पौडेल, वडा अध्यक्ष, वडा नं. २ | द |
| ५. | सदस्य श्री गुप्तनाथ भट्टराई, वडा अध्यक्ष, वडा नं. ३ | द |
| ६. | सदस्य श्री रविन्द्र चौधरी, वडा अध्यक्ष, वडा नं. ४ | द |
| ७. | सदस्य श्री कृष्ण महतो, वडा अध्यक्ष, वडा नं. ५ | द |
| ८. | सदस्य श्री बलराम दाहाल, वडा अध्यक्ष, वडा नं. ६ | द |
| ९. | सदस्य श्री लाल बहादुर भट्ट, वडा अध्यक्ष, वडा नं. ७ | द |
| १०. | सदस्य श्री विनोद वस्नेत, वडा अध्यक्ष, वडा नं. ८ | द |
| ११. | सदस्य श्री रोशन आचार्य, वडा अध्यक्ष, वडा नं. ९ | द |
| १२. | सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १० | द |
| १३. | सदस्य श्री शशिभक्त न्यौपाने, वडा अध्यक्ष, वडा नं. ११ | द |
| १४. | सदस्य श्री विर बहादुर पाखिन, वडा अध्यक्ष, वडा नं. १२ | द |
| १५. | सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, वडा नं. १३ | द |
| १६. | सदस्य श्री हरि कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १४ | द |
| १७. | सदस्य श्री हुमनाथ लामिछाने, वडा अध्यक्ष, वडा नं. १५ | द |
| १८. | सदस्य श्री हेमराज थापा, वडा अध्यक्ष, वडा नं. १६ | द |
| १९. | सदस्य श्री मिना गिरी, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २०. | सदस्य श्री भोला देवी गौडेल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २१. | सदस्य श्री सरस्वती लामा, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २२. | सदस्य श्री निर्मला कुमारी खड्का, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २३. | सदस्य श्री रिता वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २४. | सदस्य श्री राजेन्द्र परियार हमाल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २५. | सदस्य श्री कृष्ण हरि परियार, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २६. | सदस्य श्री मन कुमारी वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २७. | सदस्य सचिव श्री बाबुलाल रेग्मी, प्रमुख प्रशासकिय अधिकृत, र.न.पा. कार्यालय | द |

**निर्णयः**

१) UN Habitat बाट दक्षिण कोरियामा मिति २०७५।०८।०२ देखि २०७५।०८।१२ सम्म आयोजना हुन गइरहेको **Innovative approaches to deliver affordable housing options in Asia** कार्यक्रममा यस नगरपालिकाका नगर प्रमुख श्री नारायण वनज्यूलाई सहभागिताका लागि अनुमति दिनका लागि श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो । र उक्त कार्यक्रममा खर्च हुने आवश्यक रकम चालु खच अन्तर्गतको सि.नं. ३५ अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता पदाधिकारी समेत शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

२) यस रत्ननगर नगर कार्यपालिकाको कार्यालयको नाममा आम्दानी बाँधिएका र निरिक्षण प्रतिवेदनमा काम नलाग्ने भई लिलामी गर्नुपर्ने भनी देखाइएका खर्च भई नजाने सामानहरु लिलाम बिक्रीका लागि प्रकृया अगाडि बढाउनका लागि आवश्यकता अनुसार अन्य विषय विज्ञ/कर्मचारीलाई आमन्त्रित गर्न सक्ने गरी तपसिल बमोजमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. प्रशासकीय अधिकृत श्री संगम सापकोटा – अध्यक्ष
२. लेखा अधिकृत श्री ऋषि प्रसाद कडुवाल – सदस्य
३. इन्जिनियर श्री प्रकाशचन्द्र ढुङ्गाना – सदस्य
४. इन्जिनियर श्री पंकज गिरी – सदस्य
५. जिन्सी शाखा प्रमुख श्री चन्द्रमणी आचार्य – सदस्य–सचिव

३) ३ नं. प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान कार्यक्रम अन्तर्गत यस रत्ननगर नगरपालिकामा शहरी स्वास्थ्य क्लिनिक निर्माणका लागि रु. १५,००,०००।०० (पन्ध्र लाख मात्र) अनुदान प्राप्त भएकोमा यस नगरपालिकाको आवश्यकतालाई मध्यनजर गरी वडा नं. १४ मा शहरी स्वास्थ्य क्लिनिक निर्माणको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४) यस नगरपालिकाको वडा नं. ५ स्थित झुवानी मा.वि.मा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरणका लागि रु. ४०,०००।०० (चालिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

५) यस रत्ननगर नगरपालिकाको नगर सभाबाट ल्याण्डफिल साइट जाने बाटो निर्माण शिर्षकमा रु. ३८,००,०००।०० ( अक्षरुपी रु. अड्तीस लाख मात्र) बजेट विनियोजन भई बोलपत्र आह्वान गरिएको र नगरपालिकाबाट करको दर पुनरावलोकन गर्नका लागि गठित विज्ञ टोलीबाट प्राप्त भएको प्रतिवेदन नगर कार्यपालिकाबाट पारित गरी विशेष नगर सभामा पेश गर्ने निर्णय भइसकेको हुँदा नगरपालिकाबाट प्रक्षेपित राजश्वको लक्ष्य नगुग्ने र धेरै योजनाहरु प्रभावित भई कार्यान्वयन हुन नसक्ने देखिएको हुँदा हाल उक्त ल्याण्डफिल साइट जाने बाटो निर्माण योजना कार्यान्वयन नगर्ने निर्णय गरियो ।

६) यस नगरपालिकालाई सडक बोर्डबाट प्राप्त बजेटको सीमाभित्र रही पूर्वाधार विकास समितिबाट प्राप्त तपसिल बमोजिमका योजनाहरुलाई स्वीकृत गरी सडक बोर्डमा सिफारिस सहित पठाउने निर्णय गरियो ।

**तपसिल :**

| सि. नं. | वडा नं. | सडकको नाम | कुल प्रस्तावित ल.ई. | सडक बोर्ड नेपाल अनुदान | स्थानीय सहभागिता | | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | न.पा./वडा | स्थानीय उपभोक्ताबाट व्यहोर्ने | |
| १ | १ | बकुलहरदेखि भेलरबोट हुँदै भक्तिनी मार्ग चिचरीया जोड्ने सडक | १६,६७,१३३।७६ | १०,००,०००।०० | – | ६,६७,१३३।७६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ११ | कृष्णमन्दिरबाट बटर चोक हुँदै भुवन चोक जोडने सडक कालोपत्रे मर्मत | ११,४३,१६९।६० | ८,००,०००।०० | – | ३,४३,१६९।६० | |
| ३ | ३ | विद्युत् रोड सडक मर्मत योजना | ११,४३,७६०।०० | ८,००,०००।०० | – | ३,४३,०००।०० | |
| ४ | ४ | भोकाहा गाउँ सडक कालोपत्रे मर्मत योजना | ७,१४,२९६।५० | ५,००,०००।०० | – | २,१४,२९६।५० | |
| ५ | ६, ७ | हात्तिचोकबाट बागमारा हात्ति दौड मैदान जोड्ने सडक, वडा नं. ६, ७ | ३२,८५,७६१।२८ | १०,००,०००।०० | १३,००,०००।०० | ८,८५,७६१।२८ | |
| ६ | ९ | गणतान्त्रिक मार्ग सडक मर्मत योजना | ७,१६,८९२।६० | ५,००,०००।०० | – | २,१६,८९२।६० | |
| ७ | १३ | डाँडा गाउँ– आदेश मार्ग जोड्ने सडक | १०,००,१६०।०८ | ७,००,०००।०० | – | ३,००,१६०।०८ | |
| ८ | १४, १६ | पारिजात चोकबाट पिठुवा १६ वडा कार्यालय हुँदै दोबाटो बजार जोड्ने सडक | १४,३०,८०७।०० | १०,००,०००।०० | – | ४,३०,८०७।०० | |
| ९ | १० | निपनी–बैरिया जोड्ने कालोपत्रे मर्मत | १०,००,१६०।०८ | ७,००,०००।०० | – | ३,००,१६०।०८ | |
| | | **कुल जम्मा रकम** | **१,२१,०२,१४०।९०** | **७०,००,०००।००** | **१३,००,०००।००** | **३०,१५,२११।३०** | |

७) ३ नं. प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत डिप बोरिङ्ग (डम्बर बुढाथोकीको घर नजिक) रत्ननगर–१५ शिषर्कमा रु. ५०,००,०००।०० (पचास लाख मात्र) बजेट विनियोजन भएकोमा ६ इन्चको DTH Method बाट डिप बोरिङ्ग गर्नका लागि लागत अनुमान रु. ७,००,०००।०० (सात लाख मात्र) लाग्ने देखिएको हुँदा बढी भएको बजेट ४३,००,०००।०० (त्रिचालिस लाख मात्र) अन्य ६ स्थानमा डिप बोरिङ्ग गर्न सिफारिस सहित प्रदेश मन्त्रालयमा स्वीकृतिका लागि लेखी पठाउने निर्णय गरियो ।

८) यस नगरपालिका अन्तर्गत नगर उप–प्रमुख श्री विमला देवी दुवाडीज्यूको अध्यक्षतामा गठन भएको साविक न्यायिक समितिलाई तपशील बमोजिम पुनर्गठन गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

| पद | साविक न्यायिक समिति | पुनर्गठन न्यायिक समिति |
|---|---|---|
| संयोजक | श्री विमला देवी दुवाडी | श्री विमला देवी दुवाडी |
| सदस्य | श्री बाबुराम गौतम | श्री बाबुराम गौतम |
| सदस्य | श्री प्रेम प्रसाद रेग्मी | श्री शालिग्राम पराजुली |

९) यस नगर कार्यपालिकाको प्रवक्ताको रुपमा यस नगर कार्यपालिका सदस्य श्री सरस्वती लामालाई जिम्मेवारी भै रहेकोमा अबदेखि कार्यपालिका सदस्य श्री राजेन्द्र परियार हमाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

१०) हिन्दुहरुको महान चाड **"छठ पुजा २०७५"** को पावन अवसरमा श्री छठि माई सेवा समिति, र.न.पा. २ लाई आ. व. २०७५।०७६ को विविध शिर्षकबाट व्यय हुने गरी रु. ३०,०००।- (तीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

११) सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पूँजीगत खर्च सि.नं. ३ मा सौर्य उर्जा प्रविधि जडानमा रु. ६,४८,०००।०० विनियोजन भएकोमा सो रकममा रु. १६,००,०००।०० लागत साझेदारी गर्नका लागि न.पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।